# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ (संख्या ८) फाल्गुन २ गते २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग-२

## महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि,२०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/१०/०४

**प्रस्तावना :**

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सृजना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति २०७६ को बुदा नं. ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानिय तहबाट गर्न निर्देशन गरेको छ। नगरपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भुमिकालाई उच्च मुल्यांकन गर्दै समुदायमा सचेतना अभिबृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्नका लागी थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले,

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि चामुण्डाबिन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि चामुण्डाबिन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यविधि" भन्नाले "महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८०" सम्झनु पर्दछ।

(ख) "छनौट" भन्नाले पहिलो पटक वा पुन : तोकिएको प्रक्रिया र विधि पुरा गरि छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ।





(ग) "विदाई" भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवि भावना एवं मर्यादाका साथ काम गरि सेवाबाट अलग भएको सम्झनु पर्दछ।

(घ) "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समुहद्वारा छनोट गरिएको निश्चित अवधिसम्म्म स्वयंसेवक भइ कार्य गर्न तत्पर भएका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरि स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्‍याउने स्वयंसेवि महिलालाई जनाउछ। साथै यस शब्दले आमा समुहबाट छनौट भइ तालिम लिन बाकी रहेका स्वयंसेवि महिला समेतलाई सम्झनु पर्दछ।

### परिच्छेद -२
### स्वयंसेविका छनौट तथा बिदाइ एवं सेवा रद्द सम्बन्धी व्यवस्था

**३. स्वयंसेविका छनौट :** (१) स्वयंसेविकाको छनौट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिकामा उल्लेखित देहायको प्रावधान बमोजिम हुनेछ :-

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,
(ख) कम्तीमा ५ बर्ष सेवा गर्न इच्छुक रहेको प्रतिबद्धता गरेको हुनु पर्ने,
(ग) सामज सेवा गर्ने इच्छा भएको,
(घ) २५ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,
(ङ) कुनै पनि राजनैतिक दल तथा राजनैतिक क्रियाकलापमा आवद्ध नरहेको,
(च) कुनै पनि लाभको पदमा बहाल नरहेको,
(छ) कम्तीमा कक्षा १० उत्तिण गरेको।

(२) लोपोन्मुख आदिबासी र दलित वर्गलाई प्राथमिकता दिईनेछ।

**४.स्वयंसेविकाको बिदाइ :** दफा ३ बमोजिम छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछ :-

(क) राजिमा दिएमा,
(ख) ६० बर्ष उमेर पुरा भएमा,
(ग) स्वयंसेविकाले आमा समुह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरि बिदाई लिएमा,
(घ) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्त वा मनोनयन लिएमा,
(च) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि वसोवास गरेको अवस्था रहेमा।

**५. स्वयंसेविकाको सेवा रद्ध गरिने :** (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्ध गरिने छ :

(क) स्वयंसेवी भावना तथा आचारण बमोजिम कार्य नगरेको पाईएमा,
(ख) भ्रष्टाचार,अनुशासनको उल्ल□न नैतिक पतन देखिने कार्य गरेमा,
(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी,करार र स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सुचना चार महिनासम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वत: सेवा रद्ध हुने छ।

### परिच्छेद -३
### सेवा सुविधा सम्बन्धी व्यवस्था

**६. सेवा तथा सुविधा :** (१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुबिधा दाबी गर्न पाउने

छैन । नेपाल सरकार वा नगरपालिकाले कुनै सेवा दिनु पर्ने भएमा सेवा सुबिधा बैंक मार्फत उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक संचालन मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागी अनुसुचि १ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ । नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वयंसेविकालाई उपलब्ध हुने बजेटका अतिरिक्त नगरपालिकाबाट पनि प्रोत्साहन बापत रकम उपलब्ध गराइने छ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ५ बमोजिम सेवा रद्घ भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन ।


## परिच्छेद - ४
## विविध

**७. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका बिषयका सम्बन्धमा चामुण्डाबिन्द्रासैनी नगरपालिको निर्णण र प्रचलित कानुन बमोजिम हुनेछ ।

**८. संशोधन तथा खारेजी :** चामुण्डाबिन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ ।

### अनुसुचि-१
### दफा ६ (२) संग सम्बन्धित
### स्वयंसेविकाले पाउने सुविधा

| क्र.सं. | क्रियाकलाप | बर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १. | स्वयंसेवा सम्मान बिदाई खर्च | एकमुष्ट | २०,०००/- | |
| २. | मासिक बैठक,आमा समुहको बैठक एवं खोप क्लिनिक लगायतका कार्यक्रममा सहयोग गरे बापत प्रोत्साहन खर्च | विनियोजित रकमबाट दामासाहीका दरले | - | |
| | | | | |



आज्ञाले
भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत